मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचभैया क्यालेन्डर चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १२ गते बिहीबार ❑ 26 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## पूर्वप्रम माधव नेपाललाई ३५ लाख धरौटीमा छाड्न आदेश

**रासस**
काठमाडौँ, ११ असार

विशेष अदालतले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई रु ३५ लाख धरौटीमा छाड्न आदेश दिएको छ ।

पतञ्जली योगपीठको जग्गा हिनामिना प्रकरणको उहाँविरुद्धको भ्रष्टाचारसम्बन्धी मुद्दामा बुधबार भएको थुनछेक बहसपछि अदालतले उक्त आदेश दिएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पूर्वप्रधानमन्त्री नेपाललाई नगद रु ३५ लाख वा सो बराबरको बैंक जमानतमा छाड्न आदेश भएको



छ ।" न्यायाधीशहरू तेजनारायण सिंह, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले उक्त थुनछेक आदेश गरेको हो । बुधबार पूर्वप्रधानमन्त्री नेपाल विशेष अदालतमा उपस्थित हुनुभएपछि अपराह्नदेखि उहाँसँग बयान लिइएको थियो । त्यसपछि दुवै पक्षका वकिलहरूले थुनछेक बहस गर्नुभएको थियो । नेपालका तर्फबाट पाँच र सरकारी पक्षबाट पाँच जना वकिलले बहस गर्नुभएको थियो । पतञ्जली योगपीठको हदबन्दी जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उहाँसहित ९३ जनाविरूद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । आरोपपत्रमा पूर्वप्रम नेपालविरुद्ध १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

विगतमा पतञ्जली योगपीठको जग्गा खरिदमा हदबन्दी छुटको निर्णय गरेर अनियमितता गरेको आरोपपत्र विशेष अदालतमा दर्ता भएको हो ।

## 'राइड सेयरिङ' नियमावली स्थगन नगर्न सर्वोच्चको आदेश

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

सर्वोच्च अदालतले गण्डकी प्रदेश सरकारले जारी गरेको 'राइड सेयरिङ' नियमावली कार्यान्वयन एक महिनाका लागि स्थगित गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश गरेको छ ।

प्रदेश सरकारको 'राइड सेयरिङ' कार्यान्वयन स्थगित गर्ने निर्णयका विरुद्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसहित सातवटै प्रदेश सरकार तथा यातायात व्यवसायी महासङ्घलाई विपक्षी बनाइ दायर भएको रिटमा अदालतले सो आदेश गरेको गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार सर्वोच्च अदालतका न्यायाधीश तीलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले सो आदेश गरेपछि प्रदेशमा 'राइड सेयरिङ'ले मान्यता प्राप्त गरेको र कार्यान्वयनको बाटो खुलेको छ ।

यसअघि प्रदेश सरकारकारले 'राइड सेयरिङ' नियमावली ल्याएपछि यातायात व्यवसायी आन्दोलित बनेका थिए । नेपाल यातायात व्यवसायी महासङ्घले देशव्यापी सार्वजनिक यातायात बन्द गरेर आन्दोलन गरेपछि सरकारले व्यवसायीसँग सहमति गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट राइड सेयरिङसम्बन्धी प्रावधानको कार्यान्वयन हाललाई स्थगित गर्न गण्डकी प्रदेश सरकारलाई पत्राचार गरेपछि प्रदेश सरकारले एक महिनाका लागि नियमावली स्थगित गर्ने निर्णय गत जेठ २० गते गरेको थियो ।

गण्डकी प्रदेश सरकारले गत जेठ १ मा राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली-२०८२ प्रदेश राजपत्रमा प्रकाशित गरेको थियो ।

## अन्नपूर्ण गाउँपालिकाको ६५ करोडको बजेट : कृषि, पर्यटन र पूर्वाधारमा प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

कास्कीको अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि ६५ करोड १५ लाख ३४ हजार ७७५ रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

मंगलवार आयोजित गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारीले आउँदो बर्षको लागि बजेट तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् ।

चालु वर्षको तुलनामा यसपटकको बजेट भने बढेको छ । चालु बर्षको तुलनामा ७.६४ प्रतिशतले बढी हो। चालु आर्थिक वर्षमा ६० करोड ५२ लाख ७५ हजार ३८६ रुपैयाँको बजेट विनियोजन भएकोमा, आगामी वर्षका लागि चालु बर्षको तुलनामा ४ करोड ६२ लाख ५९ हजार बढी बजेट प्रस्ताव गरिएको हो । उपाध्यक्ष अधिकारीका अनुसार चालु तर्फ ४३ करोड ३२ लाख र पुँजीगत तर्फ २१ करोड ८२ लाख खर्च हुने अनुमान गरि एको छ। बजेटका मुख्य स्रोतहरू




यसप्रकार छन् । नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानः ११ करोड ५७ लाख, राजस्व बाँडफाँडः ११ करोड ८२ लाख ९८ हजार ७७५, सशर्त अनुदानः २९ करोड ८१ लाख, समपुरक अनुदानः ३ करोड, विशेष अनुदानः २ करोड ५५ लाख, गण्डकी प्रदेशबाट प्राप्त बाँडफाँड र अनुदानहरूः भण्डै ४ करोड, आन्तरिक आम्दानीः ३ करोड रहेको छ। चालु बर्षको हालसम्म प्रगति७२.१५% बजेट खर्च भएको प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रसाद पोखरेलले बताए । चालुतर्फ खर्चः ७६.४२% र पुँजीगततर्फ खर्चः ६१.९७% गरी हालसम्म ५७ करोड ३३ लाख ७६ हजार ५११ रुपैयाँ खर्च भइसकेको उनले जनाए ।

बजेटका प्राथमिकता क्षेत्रहरू

अध्यक्ष विष्णुबहादुर केसीले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकता दिइएको छ "कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार" भन्ने मूल नारासहित आगामी वर्षको खाका तयार पारिएको छ । मुख्य प्राथमिकतामा परेका क्षेत्रहरू यसप्रकार छन् । कृषि र पशुपालनमा जोड, जैविक प्रविधिको प्रयोग, कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण, कृषि पर्यटन र व्यावसायिक कृषि प्रवर्द्धन, स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन, अन्नपूर्ण अस्पतालमा विशेषज्ञ सेवा, "स्वच्छ बस्ती, स्वच्छ जीवन" अभियान, विद्यालय सुधार, छात्रावास तथा यातायात सुविधा, "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन, सडक स्तरोन्नति, पक्की ढलान, गोरेटो र झोलुंगे पुल, खानेपानीको पहुँच, हरेक घरमा धारा जडान, पर्यटकीय सम्भावनाको व्यवस्थापन, साहसिक खेलकुद, मौलिक कला-संस्कृतिको संरक्षण, महिला, दलित, जेष्ठ नागरिक, अपाङ्ग वर्गको उत्थान र सामाजिक सुरक्षा, सेवा प्रवाहमा पारदर्शिता र सहजता, सूचना प्रविधिको प्रयोगद्वारा दक्षता वृद्धि गर्ने बजेटमा उल्लेख गरिएको छ ।

नीति तथा कार्यक्रम पारित भए पश्चात बजेट प्रस्तुत भएको गाउँपालिकाको प्रवक्ता भरतमान गुरुङले बताए । गाउँसभामा नेपाल सरकारका सहसचिव विनोद कुँवरको विशेष उपस्थिति रहेको थियो ।

## सूचनाको हकका लागि राष्ट्रिय महासघ गण्डकी प्रदेशको अध्यक्षमा पत्रकार राज बहादुर गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

सूचनाको हकका लागि राष्ट्रिय महासघ गण्डकी प्रदेश समितिको अध्यक्षमा पत्रकार राज बहादुर गुरुङलाई चयन गरेको छ । गण्डकी प्रदेश भित्रका सूचनाको हकका अभियान्तहरुको भेलाले सूचनाको हकका लागि राष्ट्रिय महासंघको गण्डकी प्रदेश समिति गठन गरेको हो ।

त्यसै गरी समितिको उपाध्यक्षमा नारायण शर्मा, महिला उपाध्यक्षमा गीता आचार्य, महासचिवमा भारत कोइराला, सचिवमा कृष्ण क्षेत्री, महिला सचिवमा माया अधिकारी र कोषाध्यक्षमा टिका आचार्य रहेका छन् । त्यस्तै सदस्यहरुमा गीता लामिछाने बिष्ट, रोशन लामिछाने, शंकर राज नर्हकी, बिराज त्रिपाठी, सुभाष पौडेल, सुशिला रोका, शिवप्रसाद गौतम र मिला दराई चयन हुनु भएको हो । यसैबीच नवनिर्वाचित समितिको पहिलो बैठकले गंगाधर पराजुली, पुण्य पौडेल र ओमप्रकाश शर्मालाई महासंघको गण्डकी प्रदेश समितिको सल्लाहकारमा मनोनित गर्ने निर्णय गरेको बैठक पछि अध्यक्ष राजबहादुर गुरुङले बताउनु भयो । पोखराका अग्रज पत्रकारहरु गंगाधर पराजुली, नारायण कार्की, पुण्य पौडेल, ओमप्रकाश शर्मा र शिवप्रसाद बस्ताकोटी रहेको निर्वाचन सहजीकरण समितिले कार्यसमिति चयनको प्रक्रिया टुंगाएको थियो । कार्यक्रममा राष्ट्रिय अध्यक्ष उमिद वागचन, बरिष्ठ उपाध्यक्ष तारा बहादुर भण्डारी, महासचिब पुर्ण प्रसाद मिश्र र केन्द्रिय पदाधिकारी सदस्यहरुको उपस्थिती रहेको थियो ।यस अघि उक्त कार्यक्रमको उद्‌घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्राज पाण्डेले गर्नु भएको थियो ।

## गण्डकी प्रदेश सभा विविध विषयमा ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

गण्डकी प्रदेश सभाको बैठकमा सदस्यहरुले समसामयिक विषयमा प्रदेश सभा र सरकारको ध्यानाकर्षण गराउनु भएको छ । बैठकको सोमवार शुन्य समयमा सदस्यहरुले विनियोजित वजेट र प्रदेश सरकारका योजनाको कार्यान्वयन लगायतका विषयमा ध्यानाकर्षण गराउनु भएको हो ।

सो अवसरमा प्रदेश सभा सदस्य भिम बहादुर कार्कीले नेपाल पर्वतरोहण संघद्वारा पोखरा महानगरपालिका वडा नं. १७ र तोपैह्रामा सञ्चालित अन्तराष्ट्रिय पर्वतीय संग्रहालय मा प्रदेश वन तथा वातावरण मन्त्रालयले विनियोजन गरेको रकम कार्यान्वयका विषयमा सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । स्थानीय सरकार, स्थानीयवासिन्दा र संग्रहालय बीच समन्वयको अभावमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको उक्त संग्रहालय परिसर मा बोटानिकल गार्डेन निर्माणका लागि प्रदेश सरकारले दुई करोड रुपैया विनियोजन गरेको छ । नेपाल पर्वतारोहण संघले १६ वटा हिमचुचुराको रोयल्टि र संग्रहालय अवलोकनकर्तालाई टिकट बिक्रीबाट राम्रो आयआर्जन गर्ने आधार भएको संस्थालाई वजेट विनियोजन गरि थप आकर्षक बनाउँदै पर्यटक प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उहाँले विवादको टुङ्गो नलाउँदै वजेट विनियोजन गर्दा कार्यान्वयमा समस्या सिर्जना हुने विषयमा सचेत हुनु पर्नेमा जोड दिनुभयो । संग्रहालयले कानूनी मान्यता प्राप्त गरि स्थानीय जनप्रतिनिधि र जनता बीच समन्वय गरि विनियोजित वजेट कार्यान्वयमा जोड दिनुपर्नेमा उहाँको भनाई थियो ।

संग्रहालयले पर्खाल बाहिर सडक छेउको मापदण्डमा पर्ने जग्गामा पोखरा महानगर पालिका वडा नं. १७ को आर्थिक सहयोग र स्थानीयवासिन्दाको पलहमा सौन्दर्यकरणका लागि निर्माण गरिएका संरचनाको विरोध जनाउँदै सडक छेउमा तारवारका लागि फलामे पोल गाडेपछि दुई पक्ष बीच द्वन्द बढेको हो ।

पूर्वतर्फ सेतीको डिलभिर र पश्चिमतर्फ तारवार गर्दा बाटोमा आवतजावत गर्ने पर्यटक, विद्यार्थी, जेष्ठनागरिक सहितका पैदलयात्री दुर्घटनाको उच्च जोखिम रहेको भन्दै स्थानीय विभिन्न संघसंस्था र व्यक्तिले तारवार नलगाउन, बाटोमा रहेको शौचालय हटाउन संग्रहालय लगायत पोखरा महानगरपालिकामा सामुहिकरुपमा ध्यानाकर्षण गर एको बताइएको छ । शुन्य समयमा प्रदेश सभासदस्यहरु सुदिपकुमार पौडेल, सितासुन्दास,कल्पना तिवारी, लिला बहादुर थापामगरले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनु भएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्वतीय संग्रहालयमा बोटानिकल गार्डेन बनाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

पर्यटन राजधानी पोखराको मुख्य पर्यटकीय गन्तव्यमा पर्ने अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा गण्डकी सरकारले बोटानिकल गार्डेन बनाउने योजनाअघि सारेको छ।



यसका लागि आगामी वर्षको बजेटमा वन मन्त्रालयअन्तर्गत सरकारले २ करोड विनियोजन गरेको छ। मंगलबार प्रदेशसभाको शून्य समयमा प्रदेशसभा सदस्य भीमबहादुर कार्कीले संग्रहालयलाई बजेट छुट्याइनु अनुपयुक्त भएको विचार राख्नुभयो । उहाँले संग्रहालयको व्यवस्थापन पक्षले स्थानीय टोल विकास संस्था, आमा समूह र स्थानीय जनप्रतिनिधिसँग सरोकार नराख्ने, द्वन्द्व बढाउने मुद्दा हाल्ने, दुःख दिने गरेको जनगुनासो रहेको दाबी गर्नुभयो।

संग्रहालयको नामसमेत सही रुपमा उल्लेख नगर्नुभएका कार्कीकै निर्वाचन क्षेत्रमा संग्रहालय पर्छ। कार्कीले भन्नुभयो, 'संस्थाले भूमिकर नतिरेको अवस्था छ, नक्सापास गरेको छैन, अख्तियारमा मुद्दा छ।' प्रदेश सरकारको तर्फबाट अघिल्लो वर्ष पनि बजेट विनियोजन भएकोमा कार्यान्वयन नभएको उहाँको दाबी छ। सांसद कार्कीको टिप्पणीपछि संग्रहालयले बुधबार विज्ञप्ति निकालेर केही पक्ष प्रष्ट पारेको छ । प्रदेशसभा सदस्य कार्कीले आफ्नै निर्वाचन क्षेत्रमा रहेको सम्पदाको कपोलकल्पित र निराधार विषय उठान गर्दा प्रदेशसभा र प्रदेशवासीमा भ्रम सिर्जना भएको विज्ञप्तिमा दाबी गरिएको छ । संग्रहालयले पोखरा महानगर आर्थिक वर्ष ८०/८१ सम्मको सबै भूमीकर र सम्पत्ति करवापत ६२ लाख ८२ हजार ९ भुक्तानी गरेको रसिदसमेत सार्वजनिक गरेको छ। संग्रहालयको सञ्चालक संस्था नेपाल पर्वतारोहण संघलाई २७ हिमचुली व्यवस्थापनको जिम्मा भए पनि पछिल्ला २ वर्षमा त्यसवापतको रोयल्टी सरकारको कोषमा जम्मा गरिएको र सरकारबाट कुनै अनुदान प्राप्त नभएको विज्ञप्तिमा उल्लेख छ । संग्रहालयकी कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले हस्ताक्षर गरेको विज्ञप्तिमा संग्रहालयको टिकटबाट भएको आम्दानी यसकै व्यवस्थापनमा खर्च हुँदै आएको उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'प्रदेशसभा सदस्यबाट पर्यटन राजधानी पोखराको मुख्य पर्यटकीय गन्तव्यमा पर्ने संग्रहालयसँग सहकार्य र प्रवर्धनमा हातेमालोको अपेक्षा हामीले गरेकोमा उहाँबाट व्यक्त निराधार भनाइले संग्रहालयको प्रतिष्ठामा समेत आँच पुगेको छ ।'स्थानीय संघ, संस्था, समुदायसँग सहकार्य हुँदै गएको उल्लेख गर्दै विज्ञप्तिमा सोलार बत्ती जडान, कालोपत्र, तारजाली जस्ता काममा सहकार्य गर्दै आएको उल्लेख छ। यो वर्ष एक सय पाँच देशका करिब दुई लाखले संग्रहालय अवलोकन गरेका छन् । संग्रहालयको करिब नौ आना जग्गामा पोखरा महानगरपालिका वडा नम्बर १७ ले संरचना बनाएको छ । कार्यकारी निर्देशका न्यौपाने भन्छिन्, 'नेपाल पर्वतारोहण संघको लालपुर्जा रहेको जग्गामा स्थानीय सरकारले जानकारी नै नदिई स्थानीय सरकारकै मापदण्डसमेत उल्लंघन गरी संरचना बनाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वडा कार्यालयलाई उजुरी परेको छ। उजुरी त संरक्षण नगरेको भनी हाम्रोविरुद्ध पनि छ।'

पर्वतारोहण संघकै रकमबाट जग्गा खरिददेखि संग्रहालय निर्माणसम्म भएको उल्लेख गर्दै विज्ञप्तिमा पछिल्ला वर्षहरुमा संघ र प्रदेश सरकारको पनि सघाएको जनाइएको छ । संग्रहालयमा संघीय सरकारको २ करोड ५ लाख लगानीमा संग्रहालयको छाना फेरिएको छ भने गण्डकी सरकारको सामाजिक विकास मन्त्रालयको १० लाखबाट गोल घर बनेको छ।



भाङ्ग्रा बुन्दै वृद्धाः
कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ११ स्थित घान्द्रुकको (तल्लोगाउँ)का ७० वर्षीया रामदेवी गुरुङ परम्परागत तानमा भाङ्ग्रा बुन्दै । तस्बिरः जमुनावर्षा शर्मा/रासस

# रोपाइँ महोत्सव पोखरा २६ स्थित लेखनाथको गुँदेताल (तालबेसी) मा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

२० औं संस्करणको असारे रोपाइँ महोत्सव २०८२ यस बर्ष यही असार १५ गते पोखरा २६ स्थित लेखनाथको गुँदेताल (तालबेसी) क्षेत्रमा हुने भएको छ।




पोखरा सबै मौसमका लागि भन्ने मूल नाराका पोखरा पर्यटन परिषद्को आयोजनामा स्थानिय शान्तिप्रेमी आमा समूहको संयोजनमा असार १५ रोपाई महोत्सव हुने भएको परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनु भयो । महोत्सवबाट पोखरा तथा गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धनमा थप टेवा पुग्ने तथा पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउने, नेपालको परम्परागत कृषि प्रणाली तथा उत्पादन प्रक्रियाको प्रत्यक्ष अवलोकन गर्ने, गुँदेताल र आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने लगायतका उद्देश्य राखिएको उहाँले जनाउनु भयो । पोखरा पर्यटन महोत्सवमा हिले दौड, रोपाइँ प्रतियोगिता, हिलोमा माछा छोप्ने प्रतियोगितासँगै उत्कृष्ट कृषक सम्मान आदि कार्यक्रम राखिएको परिषद्का महासचिव जीवनराज सापकोटाले बताउनुभयो। महोत्सवमा विभिन्न देशका विदेशी पर्यटकहरुको साथ हुने उहाँले जनाउनु भयो।

महोत्सवको प्रवर्द्धकका रुपमा उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, नेपाल पर्यटन बोर्ड छन् भने पोखरा महानगर पालिका, पोखरा महानगर पालिका वडा नं २६ को कार्यालय र लेखनाथ उद्योग वाणिज्य संघले सहकार्य गरेका छन् । महोत्सवले गुँदे तालसहित समग्र लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने पोखरा महानगरपालिका वडा नं २६ का अध्यक्ष नरेन्द्र थापाले मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भएको हो । कार्यक्रममा पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका सहसंयोजक दामोदर भक्त थापा, लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, पोखरा २६ का वडा सदस्य सुदीपराज ढुङ्गाना, समाजसेवी बामदेव ढुङ्गाना, शान्तिप्रेमी आमा समूहका अध्यक्ष देवीमाया ढुङ्गाना लगायतले पोखरामा कृषि पर्यटनको बारेमा चर्चा गर्नु भएको थियो।

परिषदले हरेक बर्ष पोखराका विभिन्न स्थानमा रोपाई महोत्सव गर्दै आएको छ। पोखरामा खेति योग्य जमिन बचाउन पनि उक्त महोत्सव कोषेढुंगा सावित हुने पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो।

# गिरिजाबाबुको १०१औँ जन्मजयन्तीमा विचार गोष्ठी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

नेपाली कांग्रेसका पूर्व सभापति एवं पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको १०१औं जन्मोत्सवका अवसरमा 'शान्ति र गणतन्त्र स्थापनामा गिरिजा प्रसाद कोइरालाको योगदान' विषयक विचार गोष्ठी हुने भएको छ।

गिरिजाप्रसाद कोइराला फाउण्डेशन पोखरा महानगर समितिले गोष्ठी आयोजना गरेको हो। कार्यक्रम यही असार २१ गते पोखरामा हुनेछ। कार्यक्रममा प्रमुख वक्ताकारुपमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वअर्थमन्त्री महेश आचार्य सहभागी हुँदैछन् । साथै गण्डकी प्रदेशका मुख्यमन्त्री एवं कांग्रेस केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे प्रमुख अतिथिका रुपमा सहभागी हुने फाउण्डेशनका सचिव भरतराज पौडेलले जानकारी दिए।

कार्यक्रम भव्य बनाउनका लागि कास्कीका तीन वटै क्षेत्रका विभिन्न व्यक्तित्वलाई जिम्मेवारी दिइएको उनले बताए । फाउण्डेशनका गण्डकी प्रदेश संयोजक, संविधानसभा सदस्य एवं कांग्रेस केन्द्रीय सदस्य शारदा पौडेलका अनुसार कार्यक्रमको तयारी तीव्र भइरहेको छ।

कोइराला नेपालको राजनीतिमा एक अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक व्यक्तित्व भएको भन्दै पौडेलले नेपालको लोकतान्त्रिक आन्दोलन, शान्ति प्रक्रिया, र गणतन्त्र स्थापनामा खेलेको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताइन्। १० वर्ष लामो माओवादी सशस्त्र द्वन्द्व (जनयुद्ध) अन्त्य गर्न कोइरालाको नेतृत्व निर्णायक रहेको थियो । २०६३ सालमा उनले नेपाली कांग्रेस, अन्य सात दल, र माओवादीबीच १२ बुँदे सम्झौताको नेतृत्व गरे, जसले द्वन्द्व अन्त्यको मार्ग प्रशस्त गरेको थियो । कोइरालाले माओवादी नेताहरूसँग विश्वास र संवादको वातावरण निर्माण गर्दै विशेषगरी माओवादी नेता पुष्पकमल दाहाल (प्रचण्ड) सँगको सहकार्यले शान्ति प्रक्रियालाई गति दिएका थिए । शान्ति सम्झौ पछिको संक्रमणकालीन चरणमा संविधानसभा निर्वाचन गराउन कोइरालाले सरकारको नेतृत्व गरे भने नयाँ राजनीतिक संरचना निर्माणको आधार तयार गरे। २०६३ सालको जनआन्दोलन (जनआन्दोलन द्वितीय) पछि उनले राजा ज्ञानेन्द्रबाट सत्ता फिर्ता गराउन निर्णायक भूमिका खेलेका कोइरालाले त्यो आन्दोलनको नेतृत्व गर्दै उनले पूर्ण लोकतन्त्र र गणतन्त्रको बाटो खोलिदिएका थिए । आन्दोलनपछिको संक्रमणकालीन सरकारको प्रधानमन्त्री बनेर उनले संसद पुनर्स्थापना गरे भने राजसंस्थालाई हटाउने प्रस्ताव पारित गराए र अन्ततः गणतन्त्र स्थापना गरे। साथै राजनीतिक दलहरूबीच सहमति कायम गर्न, शान्ति सम्झौताबाट संविधान निर्माणसम्म उनी एकजुटताको प्रतीक बन्न सफल भए।

कोइरालाको योगदान शान्ति स्थापना, लोकतन्त्रको पुनःस्थापना र गणतन्त्र स्थापनामा अतुलनीय छ । उनले सशस्त्र संघर्षलाई वार्तामार्फत लोकतान्त्रिक प्रक्रियामा रूपान्तरण गर्न सककै कारण उनलाई "शान्तिका शिल्पी" वा "गणतन्त्रका संस्थापक" भन्ने गरिन्छ।


## धुम्रपान र मदिरा सेवन नगरौं।

धूम्रपानलेः

◆फोक्सोको क्यान्सर, मुटु रोग, दम जस्ता रोग लाग्न सक्छ,
◆स्वाश प्रश्वास प्रणालीमा असर गर्न सक्छ,
◆मुख, घाँटी र छालामा क्यान्सर हुन सक्छ,
◆गर्भाअवस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ,

मदिरा सेवनलेः

◆कलेजोको रोग हुन सक्छ,
◆तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
◆पारिवारीक कलह र अशान्ति छाउन सक्छ,

"स्वास्थ्यकर जीवनशैली अपनाऔं, धूम्रपान र मदिराबाट टाढा रहौं"

नेपाल सरकार
विज्ञापन बोर्ड


# एसइईको नतिजा एक साताभित्र सार्वजनिक गर्ने तयारी

**रासस**
भरतपुर, ११ असार

यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा एक साताभित्र सार्वजनिक गर्ने तयारी भएको छ।

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत सानोठिमीस्थित परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक डा गणेशप्रसाद भट्टराईले एसइई परीक्षाको नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीका साथ तीव्र गतिमा काम भइरहेको बताउनुभयो।

उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणको काम सकेर प्राप्ताङ्क इन्ट्री गर्ने काम भइरहेको बताउँदै उहाँले भन्नुभयो, "हामीले असारको तेस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी डेटलाइन तयार गरेका हौं, कर्मचारी साथीहरूले डबल सिफ्टमा तीव्र गतिले काम गरिरहनुभएको छ । अहिले नम्बर इन्ट्रि गर्ने र रुजु गर्ने काम भइरहेको छ । काम छिटो सकियो, प्रविधिले साथ दियो भने तेस्रो सातादेखि अगाडि तानेर एक साताभित्र नतिजा सार्वजनिक गर्न सकिन्छ, त्यसैका लागि दिनरात काम भइरहेको छ।" असार ६ गतेभित्रमा नतिजा सार्वजनिक गर्नेगरी कार्यतालिका बने पनि गत २०८१ सालको चैत २० गतेदेखि २०८२ वैशाख १७ गतेसम्म शिक्षकले काठमाडौँमा सडक आन्दोलन गरेको सडक आन्दोलन गरेका कारण नतिजा प्रकाशनमा ढिलाइ हुन पुगेको हो । गत २०८१ सालको चैत ७ गतेदेखि चैत १९ गतेसम्म सञ्चालन भएको एसइई परीक्षामा करिब पाँच लाख १० हजार विद्यार्थी सहभागी भएका थिए।

# गण्डकी प्रदेशस्तरीय कबड्डीको उपाधि नवलपुरलाई

**पोखरापत्र संवाददाता**
दमौली, ११ असार

गण्डकी प्रदेश कबड्डी सङ्घले आयोजना गरेको प्रदेशस्तरीय कबड्डी प्रतियोगिताको उपाधि नवलपुर जिल्लाले जितेको छ।

व्यास नगरपालिका-१ फुटसल मैदानमा आज सम्पन्न फाइनलमा कास्कीलाई पराजित गर्दै नवलपुरले उपाधि जितेको हो । प्रदेश खेलकुद परिषद्को आर्थिक सहयोग र जिल्ला खेलकुद विकास समिति तनहुँको व्यवस्थापनमा भएको प्रतियोगितामा म्याग्दी र गोरखा तेस्रो भएको छ।

प्रथम हुने नवलपुरले रु ७० हजार, दोस्रो हुने कास्कीले नगद रु ५० हजार र तेस्रो हुने म्याग्दी र गोरखाले रु २५/२५ हजार नगद पुरस्कार प्राप्त गरेको गण्डकी प्रदेश कबड्डी सङ्घका महासचिव राजेन्द्र क्षेत्रीले जानकारी दिनुभयो। सोमबारदेखि सुरु प्रतियोगिताअन्तर्गत आज १० खेल आयोजना गरिएको थियो । प्रतियोगितामा तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ र गोरखा, नवलपुर, कास्की, म्याग्दीको सहभागिता थियो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरिलिअस्

## सम्पादकीय

# पताञ्जलीमा मुद्दा चलाउन मिल्ने

विशेष अदालतले पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललाई भ्रष्टाचार मुद्दामा पुर्पक्षका लागि ३५ लाख रुपैयाँ धरौटी माग गरेको छ। पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले हदबन्दी भन्दा बढी जग्गा खरिद गरी बिक्री गरेको प्रकरणमा दायर भएको आरोपपत्रमा सुनुवाई गर्दै अदालतले यस्तो आदेश दिएको हो। विशेष अदालतका न्यायाधीशहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको संयुक्त इजलासले बुधबार यो आदेश गरेको छ। विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) बमोजिम मुद्दाको पुर्पक्षका लागि भएको हो। नेपालमाथि आफू प्रधानमन्त्री भएका बेला मिति २०६६ फागुन ६ गते मन्त्रिपरिषद्बाट पतञ्जली योगपीठलाई काभ्रेपलाञ्चोकमा भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी छुट पाउने प्रकृतिको उद्योग नभए पनि हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न र सोमध्ये ३१४ रोपनी भन्दा बढी जग्गा बिक्री गर्न मिल्ने गरी निर्णय गराएको आरोप छ। अभियोगपत्रमा उक्त निर्णयबाट सरकारी तथा सार्वजनिक सम्पत्तिमा गैरकानूनी लाभ र हानिनोक्सानी पुऱ्याएको तथा जग्गा बदनियतपूर्वक हिनामिना गरेको दाबी गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस प्रकरणमा नेपालसँग १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो दाबी गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद र जरिवाना माग गरेको थियो।

प्रतिवादी माधवकुमार नेपालले भने अख्तियार र अदालतमा दिएको बयानमा आफूमाथि लागेको आरोप अस्वीकार गर्दै कम्पनीले राजश्व तिरेर जग्गा खरिद बिक्री गरेको र यसबाट राज्यलाई कुनै हानिनोक्सानी नभएको जिकिर गरेका छन। अदालतले पतञ्जलीले कानुनले तोकेको सीमाभन्दा बढी जग्गा खरिद गरेको र हदबन्दी छुटका लागि निवेदन दिएकोमा सुरुमा विधेयक समितिले जग्गा जुन प्रयोजनका लागि खरिद भएको हो सोहीमा मात्र प्रयोग गर्ने र बेच्न नपाउने गरी स्वीकृति दिने निर्णय गरे पनि पछि तत्कालीन प्रधानमन्त्री नेपालको मौखिक निर्देशनमा जग्गा बेच्न मिल्ने गरी प्रस्ताव मन्त्रिपरिषद्मा पेश भई निर्णय भएको देखिएको आदेशमा उल्लेख गरेको छ।

आदेशमा 'पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी' अहिलेलाई धरौटीमा छाड्ने व्यवस्था गर्न आदेश गरेको छ। मन्त्रिपरिषदको नीतिगत निर्णयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार नभएको नेपालपक्षको जिकिरलाई अदालतले अस्वीकार गरेको छ। विशेष अदालतले पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीको हदबन्दीभन्दा बढीको जग्गा प्रकरणमा दायर भ्रष्टाचार मुद्दामा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई पुर्पक्षका लागि ३५ लाख रुपैयाँ नगद वा सो बराबरको बैंक जमानत लिई तारिखमा राख्न आदेश दिएको छ। अदालतले तत्काल प्राप्त प्रमाणका आधारमा मुद्दाको पुर्पक्ष गर्न पर्याप्त कारण र आधार देखिएको भन्दै विशेष अदालत ऐन, २०५९ को दफा ७ (घ) बमोजिम बुधबार उक्त आदेश दिएको हो। विशेष अदालतले पूर्वप्रधानमन्त्री नेपाललाई पुर्पक्ष गर्ने/नगर्ने बारे विचार गर्दा विभिन्न पक्षलाई आधार मानेको आदेशमा उल्लेख गरेको छ। जुदहन्दीभन्दा बढी जग्गा खरिदः पतञ्जली कम्पनीले प्रचलित कानुनबमोजिम खरिद गर्न पाउने सीमाभन्दा बढी जग्गा खरिद गरेको देखिएको। भमिसुधार तथा व्यवस्था मन्त्रालयको रायअनुसार पतञ्जली कम्पनी भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम हदबन्दी छुट पाउने प्रकृतिको उद्योग वा संस्था अन्तर्गत नपर्ने देखिएको। दबन्दी छुटका लागि कम्पनीले निवेदन दिएपछि तत्कालीन मन्त्रिपरिषद्को विधेयक समितिले जग्गा बेच्न नपाउने गरी सोही प्रयोजनमा प्रयोग गर्ने सर्तमा छुट दिने निर्णय गरेको थियो। यसैगरी प्रतिवादी तत्कालीन प्रधानमन्त्री नेपालको मौखिक निर्देशनमा हदबन्दीभन्दा बढीको जग्गा सट्टापट्टा र बिक्री गर्न पाउँ भनी कम्पनीले पुनः निवेदन दिएपछि सो प्रस्ताव मन्त्रिपरिषद्मा लगिएको र निजकै अध्यक्षताको मन्त्रिपरिषद्ले मिति २०६६।१२।०६ मा जग्गा बिक्री गर्न मिल्ने गरी निर्णय गरेको आदेशमा उल्लेख छ। यद्यपि, निर्णयमा बिक्रीबाट प्राप्त रकम सोही प्रयोजनमा प्रयोग गर्ने र विधेयक समितिको निर्णयको अधीनमा रहने भनिएको आदेशमा उल्लेख छ।

मन्त्रिपरिषद्को सोही निर्णयका आधारमा हदबन्दीमाथिको जग्गा कित्ताकाट गरी अनेकौं व्यक्तिलाई बिक्री भएको पाइएको तर बिक्रीबाट प्राप्त रकम हदबन्दी छुट सम्बन्धी प्रयोजनमा प्रयोग भएको नखुलेको आदेशमा भनिएको छ। यी सबै तथ्य र तत्काल प्राप्त प्रमाण (नेपालको बयान, उजुरी, निजको अध्यक्षताको मन्त्रिपरिषद् निर्णय) हरूका आधारमा प्रतिवादी नेपालको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्था विद्यमान रहेको अर्थात् मुद्दाको पुर्पक्ष अगाडि बढाउन पर्याप्त कारण देखिएको अदालतले ठहर गरेको छ। अदालतले पूर्वप्रधानमन्त्री नेपालको तत्कालीन पदीय हैसियत र भूमिकालाई समेत मध्यनजर गरी पुर्पक्षका लागि ३५ लाख रुपैयाँ नगद वा सो बराबरको बैंक जमानत माग गरेको छ। अदालतले मन्त्रिपरिषद्को उक्त निर्णय विशुद्ध नीतिगत निर्णयको परिधिमा पर्छ वा पर्दैन भन्ने विषय भने मुद्दाको अन्तिम फैसला हुँदा निरूपण हुने जनाएको छ। यसअघि अख्तियारको बयान तथा विशेष अदालतमा बयानका क्रममा नेपालले आफूले कुनै सार्वजनिक वा सरकारी जग्गा हिनामिना नगरेको र राज्यलाई कुनै हानिनोक्सानी नभएको भन्दै आरोप इन्कार गरेका थिए। यसले मन्त्रिपरिषद्बाट निर्णय गराउन लाग्नेलाई लगाम लगाएको छ। नीतिगत भनेर छुट पाउन सकिन्न भन्ने सन्देस दिएको छ।

# म्याग्दीका छ वटै स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट पारित

**पोखरापत्र संवाददाता**
बेनी, ११ असार

म्याग्दीमा रहेका एक नगरपालिका र पाँच गाउँपालिका गरी छ वटै स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट पारित भएको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि जिल्लाका सबै स्थानीय तहहरूले निर्धारित समयमै गाउँ/नगरसभामार्फत नीति तथा कार्यक्रम र बजेट ल्याएका हुन्। पूर्वाधार निर्माण, सामाजिक विकास, कृषि, पशुपालन र रोजगार सिर्जनालाई प्राथमिकता दिएका जिल्लाका स्थानीय तहहरूले चालु आर्थिक वर्षमा खर्च हुन बाँकी रहने रकम, सानो आकारको आन्तरिक आम्दानीमा सङ्घ र प्रदेशबाट आउने अनुदानलाई जोडेर बजेट सार्वजनिक गरेका छन्। जिल्लामा रहेको एक मात्रै नगरपालिका बेनी नगरपालिकाले रु ७१ करोड ८० लाख २७ हजारको बजेट पारित गरेको छ। मङ्गलबार सदरमुकाम बेनीमा सम्पन्न १७औँ नगरसभामा मेयर सुरत केसीले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम र उपप्रमुख ज्योति लामिछानेले पेस गर्नुभएको बजेट छलफलसहित पारित भएको हो।

सभामा लामिछानेले प्रस्तुत गर्नुभएको बजेटमा चालुतर्फ रु ५४ करोड ९३ लाख ३० हजार र पुँजीगततर्फ रु १६ करोड ८६ लाख ९७ हजार विनियोजन गरिएको छ। त्यसैगरी अन्नपूर्ण गाउँपालिकाले कूल रु ६० करोड ७६ लाख दुई हजार बराबरको बजेट पारित गरेको छ। २१औँ गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले आउँदो वर्षमा नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि चालुतर्फ रु ३७ करोड ५३ लाख १२ हजार ४३५ र पुँजीगततर्फ रु २३ करोड २२ लाख ९० हजार ३५८ बजेट विनियोजन गरिएको जानकारी दिनुभयो। यस्तै धौलागिरि गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ४६ करोड ५६ लाख छ हजार ५६३ को बजेट पारित गरेको छ। गाउँपालिकाको केन्द्र मुनामा सम्पन्न २४ औँ गाउँसभामा उपाध्यक्ष रेशम पुनमगरले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेट छलफलपछि सर्वसहमतिमा पारित भएको हो।

गाउँपालिकाले चालु आर्थिक वर्षमा खर्च हुननसक्ने अनुमानित रु दुई करोड र रु ४५ लाख आन्तरिक आम्दानीबाहेक सङ्घीय तथा प्रदेश सरकारले विभिन्न शीर्षकमा उपलब्ध गराउने अनुदानलाई स्रोत मानेर बजेट पारित गरेको हो। त्यसैगरी मङ्गला गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रु ४४ करोड ६१ लाख ५६ हजार ४५१ बराबरको बजेट पारित गरेको छ। गाउँपालिकाले चालु खर्चतर्फ रु ३१ करोड ३३ लाख २० हजार ४५१ र पुँजीगततर्फ रु १३ करोड २७ लाख ३६ हजार बजेट विनियोजन गरेको गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी क्षेत्रीले जानकारी दिनुभयो। यस्तै मालिका गाउँपालिकाले रु ४६ करोड दुई लाख तीन हजारको बजेट पारित गरेको छ।

गाउँसभाको १७औँ अधिवेशनमा गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती मगर पुनले चालुतर्फ रु ३२ करोड ९४ लाख ८७ हजार र पुँजीगततर्फ रु १३ करोड सात लाख १९ हजार बजेट विनियोजन भएको जानकारी गराउनुभएको थियो। त्यस्तै रघुगङ्गा गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रु ५० करोड ११ लाख बढीको बजेट पारित गरेको छ। गाउँपालिकाको १९ औँ गाउँसभामा उपाध्यक्ष प्रेमकुमारी पुनले प्रस्तुत गर्नुभएको रु ५० करोड ११ लाख ४० हजार ८२० बराबरको बजेटमाथि छलफल गरी सर्वसम्मत रुपमा पारित भएको हो। गाउँपालिकाले चालुतर्फ रु ३७ करोड ६७ लाख ६० हजार ८२० र पुँजीगततर्फ रु १२ करोड ४३ लाख ९० हजार बजेट विनियोजन गरेको छ।

# उपल्लो मुस्ताङका किसानलाई स्याउका बिरुवामा अनुदान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ असार

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको वातावरणीय औसत तापमान वृद्धिसँगै उपल्लो मुस्ताङमा स्याउखेती फस्टाउन थालेको छ। जलवायु परिवर्तनले मौसमी तापमान वृद्धि हुँदै जाँदा पछिल्लो समय उपल्लो मुस्ताङमा किसानले स्याउखेती सुरु गरेका छन्।

जलवायु परिवर्तनको असरले समुद्री सतहको करिब तीन हजार मिटरसम्मको उचाइमा गरिएको स्याउखेती अहिले उपल्लो मुस्ताङको समुद्री सतहको चार हजार मिटरको उचाइसम्म नै स्याउखेती हुन थालेको छ। तल्लो मुस्ताङमा हुने शीतोष्ण फलफूलमध्येको स्याउखेती उपल्लो मुस्ताङमा सप्रिन थालेपछि त्यहाँका किसान उत्साहित भएका छन्। अहिले त्यहाँ स्याउखेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ। यहाँका किसानलाई स्याउखेतीतर्फ आकर्षित गर्दै स्याउ हबका रूपमा विकास गर्ने योजनासहित लोमान्थाङ गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेटमै समावेश गरेर स्याउको बिरुवा खरिद गर्ने किसानलाई अनुदान दिनेगरी बजेट विनियोजन गरेको अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिनुभयो। लोमान्थाङ गाउँपालिका १६औँ गाउँसभाको पालिकाले कृषि प्रणालीको बृहत्तर विकास गर्नेगरी स्याउखेती विस्तार गर्ने रणनीति लिएको उहाँले बताउनुभयो। "हामीले नीति तथा कार्यक्रम र बजेटमै स्याउका बिरुवा खरिदमा किसानलाई अनुदान दिने घोषणा गरेका छौँ, किसानलाई स्याउका प्रति बिरुवामा कति अनुदान दिने भन्ने कार्यपालिकाले निर्णय गर्नेछ, यस सम्बन्धमा बजेटमै समावेश गरी किसानका माग सम्बोधन गर्ने प्रयासमा छौँ", अध्यक्ष गुरुङले भन्नुभयो।

अध्यक्ष गुरुङका अनसार लोमान्थाङले किसानले उत्पादन गरेको कृषि उपज सहज बजारीकण गर्न सहजीकरण गर्ने नीति लिएको छ। यहाँका किसानलाई उत्पादनमा आधारित आलु, फापरलगायतका उत्पादनलाई गाउँपालिकाले निश्चित मापदण्ड राखेर बढी उत्पादन गर्ने किसानलाई अनुदान दिएर प्रोत्साहन गराइने छ।

आगामी आवदेखि गाउँपालिकाभित्रका किसानले उत्पादन गरेका कृषि उपजलाई बजारीकरण गर्ने र त्यसो हुन नसकेमा किसानको उत्पादन गाउँपालिकाले खरिद गरी बजारमा लगेर बिक्री गर्ने व्यवस्था मिलाउने अध्यक्ष गुरुङको भनाइ छ। यसका लागि तत्काल प्रारम्भिक चरणमा रु १० लाख बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो। लोमान्थाङ गाउँपालिकाले आगामी आवका लागि रु ३२ करोड ६० लाख बराबरको बजेट खाका तयार गरेको छ। जसमा चालुतर्फ रु ११ करोड ७४ लाख र पुँजीगततर्फ रु २० करोड ८५ लाख बजेट विनियोजन गरेको छ।

# १०० रोपनीमा अकबरे खुर्सानीखेती

**पोखरापत्र संवाददाता**
दमौली, ११ असार

तनहुँको भिमाद नगरपालिका-९ को भानुमति जौ पानीको १०० रोपनी क्षेत्रफलमा सामूहिक अबकरे खुर्सानीखेती सुरु गरिएको छ।

मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषक समूहमार्फत अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमान थापाले जानकारी दिनुभयो।

कृषि उत्पादन बढाई वडा नं ८ का स्थानीय बासिन्दालाई आत्मनिर्भर बनाउन खुर्सानीखेती सुरु गरेको उहाँको भनाइ छ। उक्त जग्गामा एक लाख अकबरे खुर्सानीको बिरुवा रोपिएको छ। खुर्सानीखेतीबाट किसानले वार्षिक रु दुई लाख ५० हजार केजी खुर्सानी उत्पादन तथा वार्षिक रु छ करोड २५ लाख आम्दानीको लक्ष्य लिइएको छ।

यहाँ उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारमा बिक्री गर्ने योजना छ। हाल बजारमा प्रतिकेजी रु ३०० देखि रु ५०० थोक मूल्य रहेको छ। खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नं ९ ले रु एक लाख अनुदान दिएको थियो।

उक्त वडाका आठ वटा टोल मोहरीया, पाइमी, कटनछाप, पाथर्दी, थामडाँडा, सखेप, जौ पानी र आस्पाग्दी भाडडाँडामा अकबरे खुर्सानी उत्पादनका लागि पकेट क्षेत्र बनाइने भएको छ। सो वडामा समुदायको आर्थिक वृद्धिका लागि अकबरे खुर्सानी सँगसँगै कफीखेतीका लागि पनि सम्भाव्यता अध्ययन भइरहेको छ।

# पुलाचौरमा 'लिफ्ट' प्रविधिबाट खानेपानी आयोजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असार

जिल्लाको बेनी नगरपालिका-५ पुलाचौरमा 'लिफ्ट' प्रविधिबाट खानेपानी आयोजना निर्माण गरिएको छ। खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत पुलाचौरको बस्ती मुनीको मुहानबाट पानी तानेर घरघरमा धारा बनाई वितरण गरिएको हो।

आर्थिक वर्ष २०७६/७७ देखि निर्माण सुरु भएको आयोजना सात वर्षमा सम्पन्न भएको खानेपानी उपभोक्तासमितिका अध्यक्ष रामप्रसाद सुवेदीले बताउनुभयो। "तीन वटा योजनाअन्तर्गत निर्माण खानेपानी आयोजनाका लागि पर्याप्त बजेट नआउँदा ढिलाइ भएको हो", उहाँले भन्नुभयो, "पुलाचौरको तल्लो र मध्य गाउँको योजना यसअघिका वर्षमा सकिएको थियो। माथिल्लो टोलमा यसै सातादेखि पानी वितरण गरेर आयोजनालाई पूर्णता दिएका हौँ।" अध्यक्ष सुवेदीका अनुसार जोत्रे र पधेरा मुहानको पानीलाई ७५ हजार लिटर क्षमताको टङ्कीमा सङ्कलन गरेर २० हर्सपावर क्षमताको 'सबमर्सिव' पम्पबाट दुई सय ५० मिटरमाथि रहेको चुलेसीस्थित अर्को टङ्कीमा पुऱ्याएर थप तीन वटा रिजर्भ टङ्कीमार्फत वितरणको व्यवस्था मिलाइएको छ। आठ सय मिटर लामो तीन इञ्चको पाइपमार्फत माथिल्लो टङ्कीमा पानी पुऱ्याइएको उहाँले उल्लेख गर्नुभयो। आयोजनाबाट एक सय ८२ परिवार लाभान्वित भएका उपभोक्ता समितिका सचिव सागर पौडेलले बताउनुभयो। "विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयमा पनि धारा जडान गरिएको छ। सबैका घरमा मिटरसहितको निजी धारा जडान गरेर पानी वितरणको व्यवस्था मिलाएको छ", उहाँले भन्नुभयो। सचिव पौडेलले यसअघि सार्वजनिक धाराबाट गाग्री, बोत्तल र ग्यालीनमा पानी ओसार्नुपर्ने बाध्यता अब अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो। "आठ/दश घरले एउटा धाराबाट पानी ल्याउँदा पालो पर्खनुपर्ने र कहिलेकाँही पानीका कारणले बिवाद पनि हुन्थ्यो", स्थानीय मिनाकुमारी विकले भन्नुभयो, "घरकै धारामा पानी आउन थालेपछि पानी ओसार्दा हुने समयको बचत र झञ्जट हटेको छ।"

उपभोक्ताको श्रमदान बाहेक आयोजना निर्माणमा रु दुई करोड १० लाख ४८ हजार ३४८ खर्च भएको खानेपानी जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर झलकमोहन ओझाले जानकारी दिनुभयो। उपभोक्ताले कूल लागतको १० प्रतिशतका दरले श्रमदान गरेका छन्। पानी तान्ने विद्युत् उपकरण सञ्चालन गर्न 'मोबाइल अपरेटिङ सिस्टम' जडान गरिएको छ। यो प्रणालीबाट उपभोक्ताले घरबाट पानी तान्ने उपकरण खोल्न र बन्द गर्न सक्छन्। विद्युतीय उपकरण भण्डारण, उपभोक्ता संस्थाको कार्यालय र हेरालुको आवासका लागि भवन पनि निर्माण भएको छ।

योजना निर्माणमा प्रतिघर २० दिनका दरले श्रमदान गरिएको उपभोक्ता बलबहादुर परियारले बताउनुभयो। घरघरमा पानी वितरण हुन थालेपछि पुलाचौरबासीको दैनिकी फेरिएको छ। "पानीको पालो कुर्दा खाना पकाउन ढिला भएर कहिलेकाँही बालबालिका विद्यालय जान नपाउने अवस्था थियो", उहाँले भन्नुभयो, "अहिले समयको बचत हुनुका साथै सरसफाइ गर्न सहज भएको छ भने स्थानीयको दैनिकी फेरिएको छ।"

# अण्डाको उत्पादन घट्यो, मूल्य बढ्यो

**रासस**
चितवन, ११ असार

अत्यधिक गर्मी बढेसँगै अण्डाको उत्पादन घटेपछि माग बढ्दा मूल्य वृद्धि भएको छ।

विगतको तुलनामा २५ प्रतिशत हाराहारी उत्पादन घटेसँगै मूल्य बढेको हो। कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपप्राध्यापक डा अनन्त दाहालका अनुसार गर्मीका कारण कुखुराले दाना कम खाँदा अण्डा उत्पादन पनि कम भएको छ। "पच्चीस प्रतिशत हाराहारी उत्पादन घटेको छ। यो मौसममा रोग देखिने गर्दछ, पानी परेर आद्रता बढ्दा कुखुरालाई गर्मीको तनाव झन् बढ्छ। जसले उत्पादन घटाउँछ", उहाँले भन्नुभयो। नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेलका अनुसार उत्पादन घटेपछि माग धान्न कठिन भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



## सार्वजनिक सूचना

बागलुङ जिल्ला तङग्राम-४ बस्ने लालबहादुर थापाको नाममा रहेकोपोखरामहानगरपालिकावडानं. २९कोकित्ता नं. १३१९२ को क्षेत्रफल १७४.८७९२ वर्गफीट भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि. नं. १३१९१ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ स्थित अर्वा साझा कृयापुत्री भवन निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः आर्वा साझा कृयापुत्री भवन
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मिति : २०८१/११/२८ गते
योजना सम्पन्न हुने मिति : २०८२/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१०
योजनाको कुल लागत : रु. १०,५२,६३२।-
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००।-
उपभोक्ता समितिबाट : रु. ५२,६३२।-
उपभोक्ता समिति अध्यक्षः नारायण प्र. बराल
मो.९८५६०३६३३१
जम्मा सदस्य संख्याः १० जना महिलाः १ जना पुरुषः ९

**मृत्यु संस्कार भवन समिति**
**पोखरा-१३, कास्की**

# घनपोखराका प्रकृति र संस्कृति पदयात्रा पर्यटनसँग जोडिँदै

**वासुदेव पौडेल**
गण्डकी, ११ असार/रासस

लमजुङको मस्याङ्दी गाउँपालिका-१ स्थित घनपोखराका प्रकृति र संस्कृति सम्पदालाई पदयात्रा पर्यटनसँग जोड्न थालिएको छ । गाउँबाट आँखै अगाडि देखिने लमजुङ हिमालसहित अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बौद्ध, गणेशलगायत हिमशृखलाले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने भएकाले यहाँका प्रकृति र संस्कृति सम्पदालाई पदयात्रा पर्यटनसँग जोड्न थालिएको हो ।

लमजुङको सबैभन्दा उचाइमा मानवबस्ती रहेको मानिने यो गाउँ समुद्री सतहबाट दुई हजार १५० मिटर उचाइमा छ भने यो एक हजार वर्षभन्दा पुरानो गुरुङ गाउँका रूपमा परिचित छ । यहाँबाट देखिने लमजुङसहित अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बौद्ध, गणेशलगायत हिमशृ‍ृलाले यस स्थानको महिमा बढाउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने घरबास (होमस्टे) सञ्चालक गोमा गुरुङले बताउनुभयो । उहाँका अनुसार यो गाउँमा परम्परागत घाँटु, कृष्ण चरित्रलगायत नृत्य संरक्षण गरी राखिएकाले यसको प्रवर्द्धन गर्नुपर्ने जरुरी छ। गाउँमा भित्रिएका पर्यटकलाई इच्छाअनुसार स्थानीय उत्पादित विभिन्न खानाका परिकारहरूको स्वाद चखाउने गरिएको उहाँले जानकारी दिनुभयो । स्थानीय उत्पादित परिकारहरूको स्वादसँगै यहाँका प्राकृतिक सौन्दर्यताको



अवलोकन गर्न स्वदेशी एवं विदेशी पर्यटकहरू आउने गरेका गुरुङको भनाइ छ। "गाउँ भित्रिँदा टीका र फूलमालाले स्वागत गर्नुका साथै बेलुका खानपिन र बसाईंको उचित प्रबन्ध गर्ने घनपोखराका स्थानीयले बेलुका घाँटु, कृष्ण चरित्रजस्ता संस्कृति देखाउँछन् भने फर्कदा पनि त्यही अनुरुप बिदाइ गर्दछन्", उहाँले भन्नुभयो । प्राचीन गुरुङ गाउँका रूपमा रहेको घनपोखरामा विसं २०१० देखि विसं २०२२ सम्म घना बस्ती रहेको जिल्ला विकास समिति लमजुङका पूर्वसभापति हेमजङ्ग गुरुङले बताउनुभयो । पछिल्लो समयमा देशव्यापी देखिएको बसाइँसराइको समस्या यहाँका पनि रहेकाले बस्ती पातलिँदै गएको उहाँले उल्लेख गर्नुभयो । विसं २०१५ देखि विसं २०२६ सम्म 'राउन्ड अन्नपूर्ण ट्रेक'अन्तर्गत खुदी बजारबाट घनपोखरा, भुजुङ, ताङतिङ, सिक्लेसलगायत स्थानमा पदयात्री पर्यटक ठूलो स‌‌ङ्ख्यामा हिँड्ने गरेका अनुभव सुनाउँदै पूर्वसभापति गुरुङले पछिल्लो समयमा जथाभावी बाटो खन्ने क्रमले उक्त पदमार्ग सङ्कटमा परेको जानकारी दिनुभयो ।

सुरुमा झण्डै चार सय घरधुरी रहेको घनपोखराको बस्ती विसं २०४२-२०४५ सालतिर घटेको थियो । गाउँमा खनोपानी, सडकलगायत अत्यावश्यक सुविधा पुगिसकेको अवस्थामा पर्यटनको माध्यमबाट यहाँको विकास गर्न सकिने उहाँको तर्क छ। घनपोखरा नजिकै पर्यटकीय घलेगाउँ पर्दछ । घलेगाउँमा पर्यटकको आवागमन बढ्दै गएमा त्यहाँबाट घनपोखरा आउने गरेका स्थानीय बताउँछन् । आँखै अगाडि देखिने हिमशृ‍ृला, नजिकै रहेका मिदिम र मर्स्याङ्दी खोलासँगै गाउँमाथि मानव बस्ती नभएकाले चराचुरुङ्गीको चिरविराहट पर्यटकको रोजाइमा पर्ने गरेका छ । घनपोखराको पर्यटकीय महत्त्वलाई उजागर गर्न गुरुङ सम्पदा पदमार्गअन्तर्गत यसलाई समेट्दै पदयात्रा पर्यटनको गन्तव्य बनाउन खोजिएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजङ्ग गुरुङले बताउनुभयो । कास्की र लम्जुङका विभिन्न गाउँ हुँदै लमजुङ र मनाङको सीमा क्षेत्रमा पर्ने दूधपोखरी, मनाङको तिमाङलगायत स्थानलाई जोड्ने गरी विभिन्न विकल्पका साथै १०-१२ दिनसम्मको पदयात्रा गर्न सकिने गुरुङ सम्पदा पदमार्गको तीन चरणसम्म खोज तथा प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिसकेको उहाँले जानकारी दिनुभयो ।

"प्राचीन भैँडीगोठ, नुन लिन जाने मार्गलगायत क्षेत्रलाई समेटेर यस पदमार्गको विकास गर्न खोजेका हौँ", उहाँले भन्नुभयो, "जथाभाबी बाटो खन्ने नाममा देशका विभिन्न पदमार्ग हराउँदै गएका अवस्थामा महत्त्वपूर्ण विकल्पका रूपमा यस पदमार्गलाई अघि बढाउन खोजिएको हो ।" संघको आयोजना एवं नेपाल पर्यटन बोर्ड, मर्स्याङ्दी गाउँपालिका र क्होलासौँथर गाउँपालिकाको आर्थिक सहयोगमा हालै तेस्रो चरणको पदमार्ग खोज तथा प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले बताउनुभयो । उहाँका अनुसार सङ्घले यसअघि पहिलो चरणमा कास्कीको ताङतिङ हुँदै मनाङको तिमाङसम्म र दोस्रो चरणमा कास्कीको सिक्लेस हुँदै कपुचे, कोरी, क्होलासौँथर, कर्पु हुँदै याङजाकोटसम्म खोज तथा प्रवर्द्धनात्मक कार्यक्रम गरेको थियो । संघले सन् २०२६ देखि यस पदमार्गलाई सञ्चालनमा ल्याउने तयारी गरेको उहाँले बताउनुभयो । पदमार्ग सञ्चालनसँगै यससँग समेटिएका घनपोखरासहित प्राचीन गुरुङ गाउँहरूको पर्यटकीय महत्त्व उजागर हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । "गुरुङ गाउँहरूमा प्रचलित प्राचीन संस्कार तथा संस्कृतिलाई भावी पुस्तामा पुस्तान्तरणसँगै यिनीहरूको पर्यटकीय उपयोग होस् भन्ने उद्देश्यले हामीले उक्त पदमार्गलाई पदयात्रा पर्यटनसँग जोड्ने पहल थालेका छौँ", उहाँले भन्नुभयो ।

# पालिकाको गान र लोगो डिजाइनर पुनलाई ५० हजार पुरस्कारसहित सम्मान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ असार

ला घे कर दामोदरकुण्ड गाउँपालिकाले आफ्नो पालिकाको गान र लोगो डिजाइनरलाई रु ५० हजार पुरस्कारसहित प्रमाणपत्रद्वारा सम्मान गरेको छ। गाउँपालिकाको २०औँ गाउँसभा अधिवेशनमा गान तथा लोगो डिजाइनर चितवन माडीका शोभा पुनलाई नगदसहित गाउँपालिकाले सम्मान गरेको हो ।

गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक, जैविक र राष्ट्र राष्ट्रियताको विषय वस्तुलाई गानमा समेट्दै सर्जक पुनले पालिका गान र लोगो डिजाइन गर्नुभएको हो । गाउँपालिकाले प्रशासनिक कामकाजमा नेपालको लोगोसहित आफ्नो व्यक्तिगत पालिकाको लोगो प्रयोजनका लागि निर्माण गरिएको हो ।

पालिकाका लागि निर्माण गरिएको लोगोमा नेपालको राष्ट्रिय झण्डा, हिमाल, दामोदरकुण्ड, कालीगण्डकी नदी, आठौँ शताब्दीमा निर्माण भएको लोघेकर (घर) गुम्बा, गाउँपालिकाको नक्शा, ऐतिहासिक छोर्तेन, शालिग्राम शीला, याक स्थानीय भाषामा गाउँपालिकाको नाम र लोगोको रिबनमा गाउँपालिकाको नेपालीमा नाम समेटिएको छ । यसैगरी पुनले रचना गरेको पालिकाको गानमा मन्दिरको पहाड, गुफा, गाउँपालिका, गुम्बाप्रतिका आस्था, बौद्ध धर्मको महत्व, स्थानीय परम्परागत यार्तुङ र ल्होसार पर्व तथा पालिकाका नागरिकबीचको एकता भावलाई जोड्न खोजिएको छ । उहाँले गानमा उपल्लो मुस्ताङमा बस्ने लोछोदिन अर्थात् लोवा समुदायको भाषा संस्कृति र वेषभुषा रहनसहन मुस्ताङको जातीय पहिचान रहेको प्रष्ट्याउनु भएको छ । यहाँको कालीगण्डकी नदी शालिग्राम उत्पत्ति भएका स्थानमा पर्यटक आतिथ्यता अतिथिदेव भवलाई आर्थिक विकासको गान भाकामा समेटिएको छ । गुम्बा यहाँको सांस्कृतिक पहिचान भएको र यहाँका भाषीको जय जयकार गर्दै दामोदरकुण्डको शरणमा पर्ने तथा बुद्ध भगवानलाई यहाँको सामिप्यताको रक्षा गर शब्दसहित बुद्ध धर्मप्रतिको आस्था र विश्वासलाई गानसँग जोडिएको छ । गाउँपालिकाको मङ्गलबार आयोजित गाउँसभामा पुनद्वारा तयार गरिएको पालिकाको लोगो र गानको गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट, उपाध्यक्ष छिरिङ ल्हामो गुरुङ र प्रमुख प्रशासकीय अधिकृत सरोज उपाध्यायले संयुक्त रूपमा विमोचन गर्नुभएको हो । विमोचित पालिका गान रेकर्डिङको तयारीमा रहेको प्रमुख प्रशासकीय अधिकृत उपाध्यायले जानकारी दिनुभयो ।

# बिहादी गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम अन्यौलमा

**पोखरापत्र संवाददाता**
पर्वत, ११ असार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट असार १० भित्र प्रस्तुत गर्नुपर्ने व्यवस्था गरे पनि विहादी गाउँपालिकाले भने निर्धारित मितिमा गाउँसभा सञ्चालन गर्न नसक्दा आगामी आर्थिक वर्ष विसं २०८२/८३ को बजेट तथा नीति कार्यक्रम अन्यौलमा परेको छ ।

गाउँ कार्यपालिकामा निर्वाचित भएका नेपाली कांग्रेस र नेकपा (एमाले)का जनप्रतिनिधिबीच असमझदारी बढेका कारण निर्धारित समयमा गाउँसभा हुन नसकेको हो । भूमि बैंक स्थापनाको विषयमा कांग्रेस र एमालेका जनप्रतिनिधिबीच विवाद हुँदा सो गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न सकिएको छैन ।

कांग्रेसबाट निर्वाचित गाउँपालिका अध्यक्ष परवीन गुरुङले भूमि बैंक स्थापना गर्नुपर्ने नीतिसहित कार्यक्रम ल्याउने तयारी गरेको भए पनि उपाध्यक्ष मिना शर्मा तिवारी पक्षले असन्तुष्टि जनाएपछि समस्या उत्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद भुसालले जानकारी दिनुभयो ।

आगामी आर्थिक वर्षको बजेटमा रु १० लाख बजेट राखेर यसलाई अगाडि बढाउनुपर्ने अडान अध्यक्ष गुरुङको रहेको छ। उपाध्यक्ष तिवारीले कार्यपालिकाले कार्यविधि नबनाएकाले खर्च नहुने शीर्षकमा बजेट राख्न नहुने भन्दै विरोध जनाउनुभएको छ । उपाध्यक्ष तिवारीले यो एउटा विषय भए पनि अन्य विषवस्तुमा समेत सहमति कायम गर्न बाँकी रहेको जानकारी दिनुभयो । "भूमि बैंक राख्ने कि नराख्ने भन्ने विषयले बजेट आउन नसकेको हो", तिवारीले भन्नुभयो, "उक्त विषय छलफलकै चरणमा रहेको छ ।" पालिकाभित्रबाट बसाइँसराइको दर बढ्दै जाँदा खेतीयोग्य जग्गा जमिनसमेत बाँझो रहने क्रम बढेपछि भूमि बैंकको अवधारणा ल्याउन लागिएको अध्यक्ष गुरुङको भनाइ छ । गुरुङले भुमि बैंक अवधारणा आफू निर्वाचित भएर आएदेखि नै सुरु गर्न खोजे पनि राजनीतिक खिचातानीले लागू हुन नसकेको बताउनुभयो ।

कुनै राजनीतिक आग्रह पूर्वाग्रह नभइ समग्र गाउँपालिकावासीको हितलाई मध्यनजर गरेर भूमि बैंक अवधारणा ल्याए पनि त्यसलाई राजनीतिकरण गरेर लागू गर्न अवरोध सिर्जना गरिएपछि समस्या उत्पन्न भएको बताउँदै छिट्टै आपसी छलफल र सहमति गरेर आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको बताउनुभयो ।

पर्वतका दुई नगरपालिका र अन्य चार गाउँपालिकाले भने सोमबार र मङ्गलबार आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् ।



नर्सरीका बिरुवा :
डिभिजन वन कार्यालय स्याङ्जाको कार्यालय परिसरमा रहेको नर्सरीमा रहेका बिरुवा । कार्यालयले वर्षेनी विभिन्न जातका बिरुवाहरु उत्पादन गरी स्थानीयलाई वितरण गर्दै आएको छ ।
तस्बिर : तोलाकान्त बगाले / रासस

# नवलपुरमा तीनदिने पन्क्षी पहिचान अवलोकन तथा दिगो पन्छी पर्यटन तालिम

**पोखरापत्र संवाददाता**
चितवन, ११ असार



चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत गुन्द्रही ढाकाह, नमुना, शान्तिकुञ्ज र कृष्णसार मध्यवर्ती क्षेत्र आसपासमा कार्यरत ४० जना नेचर गाइडहरूका लागि नवलपुरमा तीनदिने पन्क्षी पहिचान, अवलोकन र दिगो पन्क्षी पर्यटनसम्बन्धी तालिम सम्पन्न भएको छ ।

पोखरा पन्क्षी समाजको आयोजना, नेपाल पर्यटन बोर्डको सहयोग तथा नेचर गाइड एसोसिएसन नवलपुरको सहकार्यमा असार ८, ९ र १० गते थारु सामुदायिक लज गदार, नवलपुरमा तालिम सञ्चालन गरिएको थियो । तीनदिने तालिमको क्रममा नेपाल पन्क्षीविद् संघका अध्यक्ष एवम् चराविद् हठन चौधरी, बर्ड्स नेपालका कार्यकारी निर्देशक सिजन ज्ञवाली, पोखरा पन्क्षी समाजका अध्यक्ष मनशान्त घिमिरे, सचिव हेमन्त ढकाल, हिमालयन ट्रेल्सका कार्यकारी निर्देशक गोपी श्रेष्ठ, नेपाल नेचर ट्रेक्सका कार्यकारी निर्देशक राजेन्द्र गुरुङ, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका वरिष्ठ अधिकृत युवराज गुरुङ, नेपाल पन्क्षीविद् संघका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौड्याल लगायत प्रशिक्षकहरूले सहभागीहरूलाई सैद्धान्तिक ज्ञानका साथै स्थलगत रुपमा प्रयोगात्मक कक्षाहरू समेत सञ्चालन गर्नुभएको थियो ।

तालिमका समापनका क्रममा चितवन राष्ट्रिय निकुञ्जका बरिष्ठ संरक्षण अधिकृत डा. गणेश पन्त लगायतले सहभागीलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । पोखरा पन्क्षी समाजका अध्यक्ष मनशान्त घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्जका बरिष्ठ संरक्षण अधिकृत पन्त सहित डिभिजन बन कार्यालय नवलपुरका प्रमुख वसन्त केशव अधिकारी, निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरखगणका गणपति प्रमुख सेनानी शिवराम बस्न्यात, नेपाल पर्यटन बोर्ड पोखराका वरिष्ठ अधिकृत युवराज गुरुङ, नेचर गाइड एसोसिएसन नवलपुरका अध्यक्ष लालबहादुर बोटे, नेपाल पक्षीविद् संघका कार्यकारी निर्देशक एवं वेटल्याण्ड इन्टरनेशनल एशियन वाटर बर्ड सेन्ससका नेपाल संयोजक लक्ष्मणप्रसाद पौड्याल, जटायु रेष्टुरेन्ट समितिका पिठौलीका संयोजक धनबहादुर चौधरी, नेपाल पक्षी संरक्षण संघका पूर्व अध्यक्ष राजेन्द्र गुरुङ, अमलटारी उपभोक्ता समितिका अध्यक्ष केदारनाथ घिमिरे लगायतले यस्ता कार्यक्रमले रोजगारीका अवसरहरू सिर्जना गर्ने, स्थानीयको सीप र ज्ञानमा विकास हुने र समग्रमा संरक्षणमा टेवा पुग्नेमा जोड दिनुभएको थियो । पछिल्ला वर्षहरूमा चरा पर्यटन (चराहरूको अवलोकन र अध्ययनका लागि गरिने यात्रा) को आकर्षण दिन प्रतिदिन बढ्दै गएको छ । चितवन राष्ट्रिय निकुञ्जको काखमा अवस्थित नवलपुर चरा पर्यटनको प्रचुर सम्भावना बोकेको एक महत्वपूर्ण गन्तव्य हो । तालिमले नवलपुरलाई चरा पर्यटनको केन्द्रका रूपमा विकास गर्न थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

# म्याग्दी भलिबल कप : आयोजकलाई हराउँदै स्याङ्जा विजयी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असार

आयोजकलाई घरेलु मैदानमा पराजित गर्दै स्याङ्जा जिल्ला खेलकुद विकास समिति रु दुई लाख पुरस्कार राशिको गण्डकी प्रदेशस्तरीय अन्तर जिल्ला पुरुष भलिबल प्रतियोगिता 'म्याग्दी भलिबल कप-२०८२' को बिजेता बनेको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा जिल्ला खेलकुद विकास समिति म्याग्दीको सहकार्यमा म्याग्दी जिल्ला भलिबल सङ्घले आयोजना गरेको प्रतियोगिताको आज बेनीको खुला मञ्च खेलमैदानमा भएको प्रतिस्पर्धात्मक खेलमा दुईविरुद्ध तीन सेट आफ्नो पक्षमा पार्दै स्याङ्जा विजयी भएको हो ।

पहिलो सेटमा २५-१७ र तेस्रोमा २६-२४ को अन्तरमा स्याङ्जालाई पराजित गरेको म्याग्दी दोस्रो, चौथो र पाँचौं सेटमा २५-१९, १६-२५ र १७-१५ को अन्तरमा पराजित हुँदै दोस्रो स्थानमा चित्त बुझायो ।

बागलुङलाई २५-१४, २५-२१ र २५-२३ को सोझो तीन सेटमा पराजित गदै तनहुँ तेस्रो भएको प्रतियोगिताको रेफ्री संयोजक टलसिङ थापाले बताउनुभयो । आइतबारदेखि सुरु भएको प्रतियोगितामा म्याग्दी, मुस्ताङ, बागलुङ, पर्वत, कास्की, तनहुँ, स्याङ्जा र नवलपुर जिल्लाको सहभागिता थियो । विजेताललाई नगद रु दुई लाख, उपविजेतालाई नगद रु एक लाख, तेस्रोलाई नगद रु ५० हजार र चौथोलाई नगद रु २५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरिएको म्याग्दी जिल्ला भलिबल सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँले बताउनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा (खम्बिर), गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्मा, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठ लगायतले पुरस्कार वितरण गर्नुभएको थियो । स्याङ्जाका सञ्जोक परियार उत्कृष्ट खेलाडी, अमित केसी उत्कृष्ट प्रशिक्षक, तनहुँका विवस आले उत्कृष्ट सेटर, म्याग्दीका विष्णु नेपाली उत्कृष्ट सर्भर, धनबहादुर भट्ट उत्कृष्ट स्पाइकर घोषित हुनुभयो ।

उत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट खेलाडीलाई जनही नगद रु पाँच-पाँच हजार तथा अन्य विधागत उत्कृष्ट खेलाडीलाई जनही नगद रु तीन-तीन हजारका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त वितरण गरिएको थियो ।